## परिशिष्ट १: नेपाल - एक सामान्य जानकारी

२६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको, संसारको दुई घना जनसंख्या भएको देशहरू भारतले पूर्व, दक्षिण र पश्चिम र चीनले उत्तर तर्फ घेरेको नेपाल अधिराज्य हिमालयको काखमा अवस्थित एक सानो भू-परिबेष्ठित राष्ट्र हो । यो देशको पूर्व-पश्चिम लम्बाई करीब ८८५ किलोमिटर र उत्तर-दक्षिण चौडाई औसत १९३ किलोमिटर रहेको छ । नेपालको कूल भू-भागको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर रहेको छ । जमीनको स्वरूप र हावापानीको व्यापक बिबिधतासंगै दक्षिणमा ९० मिटरदेखि उत्तरमा ८,८४८ मिटरसम्मको अग्ला चुचुराहरू नेपालमा नै रहेको छ । विश्वको सबैभन्दा अप्ठ्यारो र रुखो पर्वत भूमिहरू पनि नेपाल मै रहेको छ ।

दक्षिणी भू-भागदेखि उत्तरी भू-भागसम्म समानान्तर रूपले पूर्व-पश्चिम फैलिएको यो देशलाई पाँच प्रमुख प्राकृतिक भौगोलिक क्षेत्रहरू, जस्तै: तराई, चुरे पहाड वा सिवालिक, मध्य पहाड, उच्च पहाड र उच्च हिमश्रृंखलाहरूमा विभाजन गर्न सकिन्छ ।

- **तराई** होचो, समथल जमीन भएको भू-भाग हो, जुन भारतीय सीमासंगै पूर्व-पश्चिम १० देखि १५ किलोमिटरको चौडाईसम्म फैलिएको छ । यो भू-भाग भारतीय गंगा नदीको समथर मैदानबाट उत्तर तर्फ बिस्तार भएको छ । यस प्रदेशको दक्षिणी किनारमा करीब १५ किलोमिटर चौडाईसम्म उर्वर कृषि योग्य जमीन फैलिएको छ भने, पहाडी भू-भागसंग जोडिने उत्तरी किनारा (भावर प्रदेश) मा धेरै सिमसार भू-भागहरू छन् । तराई प्रदेशमा धेरै घना जंगल, राष्ट्रिय निकुञ्जहरू, वन्यजन्तु आरक्ष केन्द्रहरू, संरक्षण केन्द्रहरू (क्षेत्रहरू) रहेका छन् ।

- जंगल भएको **चुरे** भू-भाग (सिवालिक क्षेत्र) समथर तराई भू-भागदेखि रुखो महाभारत क्षेत्रसम्म फैलिएको छ । चुरे पहाडमा पातलो बस्ती भएको पाईन्छ । यो भू-भाग १,२०० मिटर भन्दा बढी उचाईमा ठाडो भिरालो भू-भागको रूपमा फैलिएको छ । फुस्रो माटो र ठाडो भिरालो भू-भागले यस क्षेत्रलाई खेतीको लागि अयोग्य भूमि बनाएको छ । कुनै कुनै स्थानहरूमा चुरे पहाडहरू समानान्तर श्रेणीमा दुई भागमा बाँडिएर गएको र बीचमा बिस्तृत फराकिलो जमीन भएको पाईन्छ, जुन भू-भागलाई भित्री मधेश वा दून उपत्यका भनेर चिनिने गरिन्छ । चुरे पहाडको तुलनामा विगतका केहि दशकहरूमा यहाँका केहि उपत्यकाहरूमा उल्लेखनीय मात्रामा जनसंख्या बृद्धि भएको पाइन्छ ।

- **मध्य पहाडी** क्षेत्र समुद्री सतहबाट १,००० देखि २,००० मिटरसम्मको उचाईमा रहेको सामान्य भिरालो भएको क्षेत्र हो । यो क्षेत्र सिवालिक र उच्च पहाडी क्षेत्र बीचको भू-भाग अर्थात् सिवालिक क्षेत्र सिमाना रहेको महाभारत श्रृंखला भन्दा मुनिको भू-भागमा पर्दछ । जटिल र फराकिलो पाखा पखेराहरू रहेको यस भू-भागको केही महत्वपूर्ण जमीनहरूमा खेती गरिन्छ । यस क्षेत्रमा रहेको वन जंगलहरूको भारी रूपमा दुरूपयोग गरिएको छ । काठमाण्डौ र पोखरा जस्ता केही प्रमुख शहरी केन्द्रहरू यस क्षेत्रको फराकिलो समथर उपत्यकाहरूमा अवस्थित रहेका छन् ।

- **उच्च पहाडी** क्षेत्रलाई यद्यपि कहिँ कहिँ गहिरो अंग्रेजी अक्षरको V-आकारको उपत्यकाहरूले यस क्षेत्रलाई चिनाए पनि, यो क्षेत्र खासगरी समुद्री सतहबाट २,००० देखि ४,००० मिटर-सम्मको उचाईमा मध्य पहाडी क्षेत्रदेखि उच्च हिमश्रृंखलासम्म फैलिएको छ ।

- **उच्च हिमश्रृंखला** क्षेत्र समुद्र सतहबाट करीब ४,००० देखि ८,००० मिटरको उचाईमा फैलिएको छ । यो क्षेत्र हिउँले ढाकेको चट्टानी हिम श्रृखंलाहरूले भरिएको छ । यस हिम क्षेत्रमा

हिउँ पग्लन तापक्रम नपुग्ने र सधैं हिउँ थपिन्दै मात्र जाने हुनाले थपिएको हिउँको भारले गर्दा यो बिस्तारै घिस्रिन्दै घाँटीहरूको बाटो हुँदै तलतिर बग्दछ, जसलाई हिम नदी भन्दछ । विश्वका प्रमुख हिम श्रृंखलाहरू जस्तै सर्बोच्च शिखर सगरमाथा लगाएत अन्य प्रमुख शिखरहरू कञ्चनजंघा, ल्होत्से, मकालु, चो यू, धौलागिरी, मनास्लु र अ□पूर्ण यसै क्षेत्रमा पर्दछन् । उत्तरमा हिमालय पारीका उपत्यकाहरू बाहेक जहाँ ४,००० मिटरको उचाईसम्म मानव बस्तीहरू रहेका छन् भने, त्यस भन्दा बढी उचाईको क्षेत्र मानव बस्ती बिहीन छ ।

नेपाल जलश्रोतमा धनी छ र यहाँ उच्च हिमालय क्षेत्रदेखि समथर तराईसम्म बग्ने नदी तथा खोला-नालाहरूको संख्या धेरै छ । यहाँका मुख्य नदीहरू कोशी, गण्डकी, कर्णाली, महाकाली, बागमती र राप्ती हुन् । धेरैजसो नदीहरू चार मुख्य नदी प्रणालीहरू, जस्तै: कर्णाली, नारायणी, गण्डकी र कोशीमा गएर मिसिन्छन्, जुन तराई क्षेत्र भएर बग्नु अघि गहिरो खोँच हुँदै महाभारत श्रृंखलाहरूलाई छिचोल्दै नागबेली भएर बग्दछन् । यी नदीहरूमा जलशक्ति विकासको लागि प्रचूर सम्भावना छ ।

यहाँको हावापानीलाई उपोष्ण अक्षांश (subtropical latitude) मा यसको अवस्थिति र उचाईको स्थितिले निकै प्रभाव पारेको हुन्छ । यहाँको हावापानी तराईमा उपोष्ण, मध्य-पहाड क्षेत्रमा न्यानो शितोष्ण हुँदै २,००० देखि ३,५०० मिटरको उचाईमा पर्ने हिमश्रृंखलामा ठण्डा शितोष्ण र ३,५०० देखि ५,००० मिटरसम्मको उचाईमा पर्ने उच्च हिमश्रृंखलाको तल्लो भिरालोमा पर्ने हिमाली भू-भागमा लेकाली हावापानी पाईन्छ । समुद्र सतहदेखि ५,००० मिटर भन्दा माथिको उचाईमा स्थायी रूपमा हिउँ र बरफ पाईन्छ । जहाँसम्म नेपालमा बर्षाको प्रश्न छ, यो अत्यधिक मात्रामा मनसूनमा पर्दछ, अर्थात् आषाढदेखि आश्विनसम्म ४ महिनाको अवधिमा हुन्छ भने, बाँकी अवधिमा कम बर्षा हुन्छ । विशेषत: भौगोलिक हिसाबले र ऋतु अनुसार बर्षाको मात्रामा फरक पर्दछ । यस्तै नेपालमा पूर्वदेखि पश्चिम तर्फ बर्षा घट्दै गएको पाईन्छ ।

प्रशासनिक आधारमा नेपाललाई ५ विकास क्षेत्रहरू अन्तर्गत १४ अञ्चलहरू र ७५ जिल्लाहरूमा विभाजन गरिएको छ । जिल्लाहरूलाई अझ गा.वि.स.हरू र नगरपालिकाहरूमा विभाजन गरिएको छ । हाल देशमा ३,९१५ गा.वि.स.हरू र ५८ नगरपालिकाहरू छन् । प्रत्येक गा.वि.स.मा ९ वटा तथा प्रत्येक नगरपालिकामा ९ देखि ३५ वटासम्म वडाहरू रहेका छन् । सामाजिक-आर्थिक उद्देश्यका लागि माथि उल्लेखित भौगोलिक क्षेत्रहरूमा जिल्लाहरूको अवस्थितिको आधारमा ती ७५ वटै जिल्लाहरूलाई क्रमश: 'हिमाली' जिल्लाहरू (उच्च पहाडी र उच्च हिम श्रृंखला क्षेत्रमा अवस्थित), 'पहाडी' जिल्लाहरू (मध्य पहाडी र चुरे पहाडी क्षेत्रमा अवस्थित) र 'तराई' जिल्लाहरू (तराई क्षेत्रमा अवस्थित) का रूपमा पनि चिनिन्छन् । यी प्रदेशहरूले कूल जनसंख्याको क्रमश: ७, ४४ र ४८ प्रतिशत जनसंख्या तथा कूल भू-भागको क्रमश: ३५,४२ र २३ प्रतिशत भू-भाग ओगटेको छ ।

नेपालको राजधानी शहर काठमाण्डौ हो, जुन मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत बागमती अञ्चलको काठमाण्डौ जिल्लामा पर्दछ । वि.सं. २०५८ को जनगणना अनुसार नेपालमा पहिचान भएका १०१ जात/जाति तथा सम्प्रदाय सहित करीब २ करोड ३२ लाख जनसंख्या थियो । हालको अनुमानित जनसंख्यामा बृद्धि दर प्रति वर्ष २.२ प्रतिशत रहेको छ ।

नेपालको प्रमुख प्राकृतिक श्रोतहरू मध्ये वन-जंगल पनि एक हो । यसले देशको एक तिहाई भू-भाग ढाकेको छ भने, मूल्यवान काठ, दाउरा, औषधीमूलक जडिबूटीहरूका साथै अकाष्ठजन्य जंगली उत्पादनहरू पनि प्रदान गर्दछ । जमीन तथा हावापानीको विविधताले देशभित्र वन्यजन्तु तथा वनस्पतिको ठूलो विविधतामा टेवा पुर्‍याएको पाईन्छ । यहाँको आर्थिक क्षेत्रमा अझै पनि ग्रामीण क्षेत्रले प्रभाव जमाएको पाईन्छ । यस्तै कृषिजन्य क्रियाकलापले आर्थिक क्षेत्रमा जिवीकोपार्जनको लागि मुख्य भूमिका निर्वाह गरेको छ । देशको अधिकांश भागमा धान नै मुख्य खाद्या□ बाली हो भने, देशको उच्च पहाडी भागहरूमा जौ, कोदो र आलुले प्रमुख खाद्या□को रूपमा मुख्य भूमिका निर्वाह गरेको छ ।

संयुक्त राष्ट्र संघको वर्गीकरण अनुसार अझै पनि नेपाल विश्वको सबैभन्दा कम विकसित मुलुकहरू मध्ये एक हो । बढ्दो जनसंख्याको चाप र वातावरणमा भइरहेको ह्रास यहाँको दीगो

विकासको लागि देखिएका मुख्य चुनौतीहरू हुन् । तथापि विक्रम सम्वत् २०१३ (सन् १९५६) देखि विकास योजनाहरू श्रृंखलाबद्ध रूपमा कार्यन्वयन हुनुले थोरै भए पनि महत्वपूर्ण आर्थिक बृद्धि भएको देखिन्छ । यसको लागि भू-परिबेष्ठित भौगोलिक स्थिति, रुखो जर्जर भूमि, प्राकृतिक श्रोतसाधनहरूको अभाव र कमजोर भौतिक पूर्वाधारहरू प्रमूख कारक तत्वको रूपमा देखिन्छ । यहाँका मुख्य वातावरणीय समस्याहरू जमीनमा ह्रास, वन-जंगल विनाश र प्रदूषण हुन् । वातावरण ह्रासको प्रमुख कारण गरिबी हो । प्राकृतिक श्रोतसाधनमा अधिक निर्भरता भएको कारणले गर्दा यहाँको भूमि र वन-जंगलहरूको उपयोगमा बढी चाप परेको छ । त्यसै गरी आर्थिक स्रोतसाधन र भौतिक पूर्वाधारको कारणले गर्दा जलश्रोत र खनिज जस्ता प्राकृतिक स्रोतहरूको चाहिने मात्रामा उपयोग हुन सकेको छैन । जमीनको अभाव भईरहेको अवस्थामा भू-क्षय, कृषि उब्जनीमा ह्रास, बाढी-पहिरोले अझ जमीनलाई ह्रास गरेको छ, र यो प्रकृया अझै जारी नै रहेको पाईन्छ ।

# नेपालको प्रशासनिक नक्सा

